नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०२-२९ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

**आज बिहानको मापन अनुसार कन्काई, कोशी, बागमती, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब घट्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।**

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : जेष्ठ-२९ (शनिबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज प्रदेश १, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी तथा मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीहरुमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ ।

### पूर्वानुमान भोलि: जेष्ठ-३० (आइतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि प्रदेश १, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको पहाडी तथा मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाब केहि बढ्न सक्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।

### पूर्वानुमान पर्सी : जेष्ठ-३१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता तलै हुने पूर्वानुमान छ । पर्सी कोशी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । पर्सी कन्काई, कमला र बागमतीका स-साना नदीजलाधारमा बहाब केहि बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- पर्सी प्रदेश १, २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई बहने स-साना नदीमा बहाव बढ्दो हुने र केही स-साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आज प्रदेश १, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी तथा मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीहरुमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान रहेकोले उक्त स्थानका स-साना नदी जलाधारमा सतर्कता अपनाईराखौ ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**जल तथा मौसम विज्ञान विभाग**
**बाढी पूर्वानुमान महाशाखा**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

**जल तथा मौसम विज्ञान विभाग**
**मौसम पूर्वानुमान महाशाखा**
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मिति: २०७८-०२-२९ विहान ६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis)**
हाल देशको पुर्वी र मध्य भूभागमा उत्तर पश्चिम बंगालको खाडी र आसपास बनेको न्यून चापीय क्षेत्रको प्रभाव तथा पश्चिमी भूभागमा पश्चिमी वायु र स्थानीय वायुको मिश्रित प्रभाव रहेको छ ।

**हाल मौसमको अवस्था (Present Weather Status):**
हाल देशभर आंशिक देखि सामान्य बदली भई थोरै स्थानहरुमा वर्षा समेत भईरहेको अवस्था छ ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**२०७८ जेठ २९ गते (शनिबार)**
दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

साँझ: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १ ,गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारि वर्षाको पनि संभावना रहेको छ।

**२०७८ जेठ ३० गते (आइतवार)**
दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश १, बाग्मती प्रदेश,गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

साँझ: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

**२०७८ जेठ ३१ गते (सोमवार)**
दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश,गण्डकी प्रदेश ,लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

साँझ: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेश केही स्थानहरुमा र प्रदेश २, बाग्मती प्रदेश र सुदुरपश्चिम प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours)**

देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षा तथा गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना देखिएकोले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।